श्री ५ को सरकार

# प्रधानमन्त्री कार्यालय
# शान्तिवार्ता समन्वय सचिवालय

फोन :
फ्याक्स :
सिंहदरवार, काठमाडौं
नेपाल ।

२०६०

पत्र संख्या :
च.नं.:

मिति : २०६०।३।२९

विषय : तेस्रो चरणको वार्ता अविलम्ब शुरु गर्ने बारे ।

श्री संयोजक ज्यू ,
नेकपा (माओवादी) वार्ताटोली

शान्तिपूर्ण वार्ताको माध्यमबाट नेकपा (माओवादी) द्वारा प्रस्तुत मागहरुको समाधान खोज्ने प्रतिबद्धता अनुरुप सत्तापक्ष (श्री ५ को सरकार) एवं विद्रोहि पक्ष (नेकपा माओवादी) का बिचमा २०५९ साल माघ १५ गते युद्ध विराम भएको व्यहोरा विदितै छ । सोहि प्रतिबद्धता अनुरुप युद्ध विरामलाई व्यवस्थित गर्न आचार संहिताको निर्माण गर्नुका साथै दुई चरणको वार्ता भैसकेको छ । वार्ताको माध्यमबाट समस्या समाधान गरि मुलुकमा दिगो शान्ति , स्थायित्व र स्थिरता कायम गर्ने क्रममा यथासंभव चाँडो तेस्रो चरणको वार्ता हुनु नितान्त आवश्यक भएको हुँदा पारस्परिक समझदारिका आधारमा मिति निर्धारण गरि तेस्रो चरणको वार्ता प्रारम्भ गर्न श्री ५ को सरकारको तर्फबाट यो पत्र मार्फत औपचारिक रुपमा अनुरोध गरिएको छ ।

साथै वार्ता प्रकृयालाई अगाडि बढाउने सन्दर्भमा देहायका विषयहरु तर्फ ध्यान आकर्षित गरिन्छ ।

१. शान्तिपूर्ण वार्ताको माध्यमबाट समस्या समाधान गर्न श्री ५ को सरकार पूर्ण प्रतिवद्ध रहेको छ । साथै, वार्तालाई सफल तुल्याउने क्रममा विश्वसनीय वातावरण तयार गर्न श्री ५ को सरकारले प्रयास गरिरहेको छ ।
२. युद्ध विरामलाई व्यवस्थित गर्न तयार गरिएको आचार संहितालाई श्री ५ को सरकारले ईमान्दारीताका साथ पालना र कार्यान्वयन गरिरहेको छ र सोहि बमोजिमको प्रतिबद्धता माओवादी पक्षबाट श्री ५ को सरकार अपेक्षा गर्दछ ।

धन्यवाद ।

कमल थापा
प्रवक्ता तथा सदस्य वार्ताटोली (श्री ५ को सरकार)